# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूद्वारा बालकुमारीस्थित प्रशोधन केन्द्रको शिलान्यास

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यूले आज एक समारोहका बिच २०७५ पौष १९ गते बालकुमारी, ललितपुरमा निर्माण हुने फोहर पानी प्रशोधन केन्द्रको शिलान्यास गर्नुभयो ।

उक्त समारोहमा माननीय खानेपानी मन्त्री बिना मगरज्यू, प्रतिनिधि सभा तथा प्रदेश सभाका सांसदज्यूहरू, स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरू, नेपाल सरकार अन्तर्गतका विभिन्न मन्त्रालयका सचिवहरू, दातृ निकायका पदाधिकारीहरू, विज्ञहरू लगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।



**बालकुमारीमा निर्माणाधीन प्रशोधन केन्द्रको संक्षिप्त परिचय**

बालकुमारीमा निर्माण हुने प्रशोधन केन्द्र उपत्यकाको धोबीघाट, सल्लाघारी, गुह्येश्वरीमा निर्माण हुन लागेका अत्याधुनिक, वातावरणमैत्री फोहर पानी प्रशोधन केन्द्रहरूमध्ये एक हो । कुल लागत रू ६० करोड ७५ लाख रहेको यस प्रशोधन केन्द्रको निर्माण SAFBON WATER SERVICE (HOLDING), CHINA ले गरिरहेको छ । मे ७, २०१७ मा शुरू भएको यस आयोजनाको निर्माण

अवधि ३० महिना रहेको छ । संझौता अनुसार सम्बद्ध निर्माण कम्पनीले ५ वर्षसम्म यस केन्द्रको संचालन तथा मर्मत गर्नेछ । प्रशोधन क्षमता १ करोड ७५ लाख लिटर प्रति दिन, २०२ लिटर/ सेकेन्ड रहेको, दुर्गन्ध न्युनीकरण इकाइ जडित हुने यस केन्द्रले ५०८४.२ हेक्टर क्षेत्रफलमा फैलिएको गट्ठाघर, मनोहरा, बालकुमारी लगायतका क्षेत्रहरूमा बसोबास गर्ने करिब ३ लाख ८० हजार जनसंख्यालाई लाभ पुऱ्याउने अपेक्षा गरिएको छ । साथै यसले दैनिक ३.२ टन मलका साथै biogas पनि उत्पादन गर्नेछ जसले केन्द्र संचालनका लागि आवश्यक ऊर्जाको आंशिक आपुर्ति गर्न सघाउनेछ । यस केन्द्रमा फोहर पानी प्रशोधनका लागि स्वचालित नियन्त्रण सहितको Activated Sludge Process (ASP) प्रयोग हुनेछ ।

अत्याधुनिक प्रविधियुक्त यी प्रशोधन केन्द्रहरूमा ढलका पाइपहरूमार्फत् ल्याइएको फोहर पानी प्रशोधन गरी नदी तथा खोलाहरूमा छोडिनेछ । यसरी छोडिएको प्रशोधित पानीमा उपयुक्त मात्रामा अक्सिजन हुने हुँदा उपत्यकाका नदी तथा खोलाहरू सफा हुनेछन्, त्यहाँ जलचरहरू बाँच्न सक्नेछन्, उपत्यकाको समग्र वातावरणमा यसको सकारात्मक प्रभाव पर्नेछ । प्रशोधित पानीलाई सफाइका लागि र सिंचाइका लागि पनि प्रयोग गर्न सकिनेछ ।

प्रशोधन केन्द्रहरूबाट उत्पन्न हुने ऊर्जाले ती केन्द्रहरू संचालन गर्न आवश्यक ऊर्जाको आंशिक आपुर्ति गर्नेछ भने सहउत्पादनको रूपमा उत्पन्न हुने मललाई कृषिकार्यमा प्रयोग गर्न सकिनेछ ।

नेपाल सरकार अन्तर्गत माननीय खानेपानी मन्त्री बिना मगरज्यूको निरन्तर मार्गनिर्देशनमा निर्माण भैरहेका यी संरचनाहरूले सबै नेपालीका लागि स्वस्थ जीवन सुनिश्चित गर्ने सरकारको दीर्घकालीन लक्ष्यमा ठूलो योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । सरकारको सुखी नेपाली संवृद्ध नेपालको सपनालाई साकार पार्नमा पनि यस्ता संरचनाहरूले योगदान गर्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

निर्माणाधीन अन्य फोहर पानी प्रशोधन केन्द्रहरूको संक्षिप्त परिचय तल दिइएको छ ।

# गुह्येश्वरी फोहर पानी प्रशोधन केन्द्र (TP01)



**आयोजनाको विवरण**

| | |
|---|---|
| महानगरपालिका | काठमाण्डौ |
| आयोजनाको लागत | रु.२ अर्ब ५५ लाख |
| निर्माण कम्पनी | VATECH WABAG LIMITED, INDIA |
| शुरु मिति | अगस्ट १ २०१६ |
| निर्माण अवधि | ३६ महिना |
| संचालन तथा मर्मत संभार अवधि | दस वर्ष |
| लाभान्वित क्षेत्र | ९९४.९ हेक्टर (गोठाटार,जोरपाटी ,बौद्ध आदि) |
| अनुमानित लाभान्वित जनसंख्या | ४ लाख ५४ हजार |
| क्षमता | ३ करोड २४ लाख लिटर प्रति दिन, ३७५लिटर/ सेकेन्ड |
| प्रशोधन प्रक्रिया | Activated Sludge Process (ASP) र Automatic control भएको |
| बिजुली उत्पादन | ३२० किलोवाट प्रति घण्टा |
| मल (Sludge Cake) उत्पादन | दैनिक सात टन |
| दुर्गन्ध न्युनिकरण इकाई समेत रहेको | |


# सल्लाघारी फोहर पानी प्रशोधन केन्द्र (TP02)



**आयोजनाको विवरण**

| | |
|---|---|
| महानगरपालिका | भक्तपुर |
| आयोजनाको लागत | रु. ६५ करोड ९६ लाख |
| निर्माण कम्पनी | SAFBON WATER SERVICE (HOLDING), CHINA |
| शुरु मिति | मे ७, २०१७ |
| निर्माण अवधि | ३० महिना |
| संचालन तथा मर्मत संभार अवधि | ५ बर्ष |
| लाभान्वित क्षेत्र | १८१५ .२ हेक्टर (लिवालि, जगाती, सल्लाघारी आदि) |
| अनुमानित लाभान्वित जनसंख्या | १ लाख ५३ हजार |
| क्षमता | १ करोड ४२ लाख लिटर प्रति दिन, १६४ लिटर/सेकेन्ड |
| प्रशोधन प्रक्रिया | Activated Sludge Process (ASP) र Automatic control भएको |
| मल (Sludge Cake) तथा Biogas उत्पादन | दैनिक ३ टन मल र Biogas उत्पादन हुने |
| दुर्गन्ध न्युनिकरण इकाई रहेको | |


# धोबीघाट फोहर पानी प्रशोधन केन्द्र (TP02)



**आयोजनाको विवरण**

| | |
|---|---|
| महानगरपालिका | ललितपुर |
| आयोजनाको लागत | रु. ९६ करोड २ लाख |
| निर्माण कम्पनी | SAFBON WATER SERVICE (HOLDING), CHINA |
| शुरु मिति | मे ७, २०१७ |
| निर्माण अवधि | ३० महिना |
| संचालन तथा मर्मत संभार अवधि | ५ बर्ष |
| लाभान्वित क्षेत्र | ५०८४.२ हेक्टर (बानेश्वर, पाटन, कुपन्डोल, सानेपा, धोबिघाट आदि) |
| अनुमानित लाभान्वित जनसंख्या | २२ लाख ८ हजार |
| क्षमता | ३ करोड ७० लाख लिटर प्रति दिन |
| प्रशोधन प्रक्रिया | Activated Sludge Process (ASP) र Automatic control भएका |
| बिजुली उत्पादन | ३०५ किलोवाट प्रति घण्टा |
| मल (Sludge Cake) उत्पादन | करिब ८.५ टन |
| दुर्गन्ध न्युनिकरण इकाई रहेको | |

# धोबीघाट फोहर पानी प्रशोधन केन्द्र (TP03)



**आयोजनाको विवरण**

| | |
|---|---|
| महानगरपालिका | ललितपुर |
| आयोजनाको लागत | १ अर्ब ९६ करोड |
| निर्माण कम्पनी | CGCOC ATAL JV, CHINA |
| शुरु मिति | अगस्ट १, २०१८ |
| निर्माण अवधि | २४ महिना |
| संचालन तथा मर्मत संभार अवधि | ५ बर्ष |
| लाभान्वित क्षेत्र | ५०८४.२ हेक्टर (बानेश्वर, पाटन, कुपन्डोल, सानेपा, धोबिघाट आदि) |
| अनुमानित लाभान्वित जनसंख्या | २२ लाख ८ हजार |
| क्षमता | ३ करोड ७० लाख लिटर प्रति दिन |
| प्रशोधन प्रक्रिया | Activated Sludge Process (ASP) र Automatic control भएको |
| बिजुली उत्पादन | ३०५ किलोवाट प्रति घण्टा |
| मल (Sludge Cake) उत्पादन | करिब ८.५ टन |
| दुर्गन्ध न्युनिकरण इकाई रहेको | |